# ऐसेलुखर्क गाउँपालिकाको नीति तथा कार्यक्रम

# आ.व. २०७५/०७६

**यस ऐसेलुखर्क गाउँपालिकाको आ.व.०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिकीकरण समारोहमा उपस्थित हुनुभएका गाउँ सभाका उपाध्यक्ष ज्यू,गाउँ सभाका सम्पुर्ण सदस्य ज्यूहरु, हिमाल एफ एम बाट देशभर एवं ONLINE मार्फतविदेशमासुनिरहनुभएका सम्पुर्ण आमा वुवा दाजुभाइ तथा दिदी बहिनीहरु, ऐसेलुखर्क गाउँपालिकाका सम्पुर्ण कर्मचारी,बुद्धिजीवी महानुभावहरु ,सञ्चारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु ।**

नेपालको संविधान २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयताको सस्थागत विकास अघि बढ्दै छ । कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन पश्चात जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइसकेर हाल कार्यान्वयनमा रहेको छ । स्थानीय तहको निर्वाचन, २०७४ बाट ऐसेलुखर्क गाउँपालिकामा स्थानीय शासनको बागडोर सम्हालेको १ वर्षपछि दोस्रो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षीत भएको छु ।

देशलाई यस स्थितिमा ल्याइपुचाउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पूर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भूमिका खेल्ने सम्पूर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई विशेष स्मरण गर्न चाहन्छु ।

१ वर्षको अवधिमा हामीले लिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सघाउ पुर्‍याउनुहुने सम्पूर्ण गाँउसभा सदस्यज्युहरु, राजनीतिक दलका प्रतिनिधिहरु, कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षकहरु, विद्यार्थीहरु, एवं सबै सरोकारवालाहरुमा हार्दिक आभार प्रकट गर्दछु र आगामी गाउँपालिकाको सम्बृद्धिमा अझ बढी योगदानको अपेक्षा राख्दछु ।

**उपस्थित गाउँसभाका सदस्यहरु**

यस गाउँपालिकाका जनताले यस क्षेत्रको विकास र सम्मुन्नतिका लागि सुम्पिएको गहन एवं ऐतिहासिक जिम्मेवारी  इमान्दारीपूर्वक निश्पक्ष, पारदर्शी ढंगबाटसंचालन गर्नु हामी सबैको महत्वपूर्ण कर्तब्य हो। ग्रामिण विकासलाई माथि उठाएर आत्मनिर्भर भई राष्ट्रको विकासमा जग बसाल्नु आजको पहिलो आवश्यकता हो । यसका लागि जनताको चाहाना अनुरुपको जनताकै अर्थपूर्ण सहभागिताद्धारा विकासका आधारभूत गतिविधिहरु संचालन गरिनुपर्ने मेरो विश्वास रहेको छ । स्थानीय तहको निर्वाचनबाट हामी विभिन्न राजनीतिक दलहरुलाई जनताले निर्वाचित गरेतापनिविकासको साझा लक्ष्यका रुपमा भने हामी निर्वाचित जनप्रतिनिधिहरु एकताबद्ध र एकढिका भई जुन रुपमा हामी अगाडि बढेका छौ , यो निश्चय नै विकास र समृद्धिको प्रमुख आधार बनेको छ ।

**आदरणीय  महानुभावहरु,**

सक्रमणकालीन सन्दर्भ एवं सीमित स्रोत साधनका बाबजुत ऐसेलुखर्क बासी जनताहरुमा हामीले १ वर्ष अधि चालु वर्षको नीति तथा कार्यक्रम मार्फत बाँडेका विकासका सपनाहरु अधिकतम रुपमा साकार रहेको हाम्रो विश्वास छ । यस अवधिमाहामीले गरेका पूर्वाधार विकासका क्रियाकलापहरु, सशक्तिकरण एवं क्षमता विकासका कार्यक्रमहरु, विषयगत क्षेत्रमार्फत वितरित योजनाहरुले ऐसेलुखर्क गाँउपालिकाको विकास प्रक्रियाको गति यस जिल्ला तथा छिमेकी अन्य जिल्लाका स्थानीय तहहरु भन्दा उच्च रहेको प्रतिक्रिया हामीले पाएका छौं । यसले गर्दा जनताको सेवा र यहाँको विकासमा थप प्रतिवद्ध भई लाग्न हामीलाई उर्जा थपिएको महसुस भएको छ ।

यस सभाका सभाध्यक्ष महोदय,

अव म यस ऐसेलुखर्क गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# आर्थिक विकास

१. अबको विकास आर्थिक विकास र समृद्धिनै भएकाले सोही अनुरुप गाँउपालिकाका समग्र नीति तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

२.रोजगारमुलक कार्यक्रमलाई बढोत्तरी गर्दै गरिबी न्युनीकरण गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ

३. कृषि तथा पशुपक्षीं क्षेत्रको विकास लागि देहाय बमोजिम नीति अबलम्बन गरिनेछ ।

(क) सिंचाई सुविधा नपुगेको ठाँउमा साना सिंचाई तथा प्लाष्टिक पोखरी निर्माण गरि कृषि उत्पादनमा वृद्धि गराइनेछ ।

(ख) तोरी ,सरसिँउ जस्ता तेलहन बालीको बीउ वितरण र उत्पादन अनुदान दिने व्यवस्था मिलाइनेछ ।

(ग) नगदे बाली उत्पादनका लागि विशेष कार्याक्रकम लागु गरी कृषकहरुको आयस्तरमा वृद्धि गराईने छ ।

(घ) अर्गानिक खेति प्रणालिलाई प्रोत्साहन गरिनेछ ।

(ङ) आधुनिक खेति प्रणालिको विकासको लागि बाली अनुसार कृषक समुह गठन गरि स्थलगत घुम्ती तालिम दिनुका साथै प्राविधिक सेवामा विस्तार गरिने छ ।

(च) भौगोलिक क्षेत्र विशेष अनुसारको पाखो जग्गामा हिउदे तथा बर्षे फलफूलहरुको कलमी बिरुवा कृषक स्तरमा बितरण गरी उत्पादनमा वृद्धि गराई आयतित फलफूललाई निरुत्साहित गराई निर्यातमा वृद्धि गरिने छ ।

(च) माटो परीक्षण कार्यक्रमको सुरुवात प्रथम चौमासिक बाट नै थालिने छ ।

(छ)कृषि उपजमा आत्मनिर्भर गाँउपालिका को विकास गरिनेछ ।

(ज) परम्परागत एवं निर्वाहमूखी पशुपंछी पालनलाइ व्यवासायिकरण गर्दौ गाँउपालिकाले पशुजनय उत्पादनमा आत्मानिर्भर बनाउने र पशुजन्य पर्दाथको निर्यातमा प्रवर्द्धन गरिने छ ।

(झ) पशुपंछी पालक कृषक, समुदाय , सहकारी संस्था एवं उद्यमीहरुलाई स्थानीय तहबाटै एकिकृत रुपमा प्राविधिक सेवा , उन्नत नश्लको भाले पशु,पशु स्वास्थ्य सेवा र पशु विमा जस्ता सेवा  उपलब्ध गराईने छ ।

(ञ) गाँउपलिकालाई दुध, दुग्ध पदार्थ , मासु , अण्डाउत्पादनमा आत्मानिर्भर बनाई कुपोषण हटाउने तथा खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने कार्यक्रम विस्तार गरिने छ ।

(ट) पशु पालन व्यवसायलाई महिला तथा युवा स्वरोजगारको माध्यम बनाई उनीहरुलाई पशुजन्य पदार्थ, उत्पादन, प्रशोधन, व्यवस्थापन,बजारीकरण, जस्ता कार्यमा लाग्न प्रोत्साहन गरिने छ ।

(ठ) हाल पशुहरुमा आहारा व्यवस्थानको कमिले रामो उत्पादन लिन सकिएको छैन तसर्थ घाँस तथा विउको नर्सरी स्रोत स्थापना गरी कृषकहरुलाई उन्नत घाँस खेति गर्न प्रोत्साहन गरिन्छि ।

(ड) लक्षित समुहमा आयआर्जनका लगि पकेट कार्यक्रमको व्यवस्था गरिने छ ।

४. ऐसेलुखर्क  गाँउपालिकाको विकासका लागि पर्यटन क्षेत्रको सम्भाव्यता अध्ययन गरि धार्मिक सांस्कृतिक, ऐतिहासिक क्षेत्रको प्रचार प्रसार गरी यस क्षेत्रमा विकासका कार्याक्रम संचालन  गरिने छ । माकिपामन्दिर, बहानेपोखरी , देउरालीपोखरी लगायत विभिन्न पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुको स्तरोन्नति गरिनुका साथैविभिन्न पदमार्ग विकासका लागि आवश्यक अध्ययन गरी क्रमागत रुपमा योजना सञ्चालन गरिने छ ।

५. सहकारी क्षेत्रसँग सम्बन्धित कार्य जिम्मेवारी गाँउपालिकालाई हस्तातरण भइसकेकाले सहकारी संस्था र सहकारी सदस्यहरुको लागि सहकारी शिक्षा को प्रवर्द्धन गर्दै विकासमा साझेदारी गरिनेछ । यसैगरी यस क्षेत्रभित्रका वित्तीय संस्थाहरुलाई विकास प्रक्रियामा जिम्मेवार बनाइनेछ ।

६. चालु आर्थिक वर्षमा गाँउपालिकाका योजनाहरुबाट लाभान्वित भएका, घरेलु तथा सीपमूलक तालिम लिएका जनशक्तिहरुको सीप विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

# सामाजिक विकास

१.शिक्षा क्षेत्रको सुधारका लागि देहाय अनुसारका नीति अख्तियार गरिनेछ ।

- विद्यार्थी संख्याका आधारमा  विद्यालयहरुलाई समायोजन गरी दरबन्दी मिलान गरिनेछ ।

- निजी स्रोतबाट संचालित सामुदायिक विद्यालयका शिक्षकहरुका लागि आवश्यक तलब को व्यवस्था गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सरोकारवालाहरुसँग समन्वय गरि क्षमता विकासका तालिम संचालन गरिनेछ ।
- आधारभूत तहको खुद भर्नादर शैक्षिक सत्र ०७६ म शत प्रतिशत पुर्‍याउन आवश्यक रणनीति लिइनेछ ।
- प्रत्येक वडाम निश्चित मापदण्ड बनाई नमूना विद्यालय संचालनमा जोड दिइनेछ ।
- बाल शिक्षा थप गरिनेछ ।
- आधारभूत तहसम्मलाई इ हाजिरीको व्यवस्था मिलाइनेछ ।
- इन्टरनेट सेवा विस्तार गरि सबै माध्यमिक विद्यालयमा इ लाइब्रेरीको व्यवस्था गरिनेछ ।

२. स्वास्थ्यक्षेत्रको सुधारका लागि देहाय अनुसारका नीति अख्तियार गरिनेछ ।

- सबै स्वास्थ्य संस्थामा  आवश्यकीय औषधीको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य बीमा नीतिलाई प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गरि हालसम्म संचालित सेवालाई व्यवस्थि तगर्दै एक्सरे सेवा, आखाँ जाँच सेवा थप गरिनेछ ।
- प्रसुति सेवा लिन आउने महिलाको स्वास्थ्यलाई मध्यनजर गरि आगामी आ.व. मा एम्बुलेन्स सेवा आतेजाते भाडामा शत प्रतिशत छुट दिइनेछ ।
- आधुनिक प्रविधिका स्वास्थ्य उपकरणहरुको प्रयोगमार्फत विरामीहरुको उपचारमा जोड दिइनेछ ।
- आकस्मिक २४ घण्टे उपचार सेवालाई व्यवस्थित गरिनेछ ।
- स्वास्थ्य संस्थाको भौतिक पक्षमा सुधार गर्दै नियमित कार्यक्रमहरु सञ्चालन गरिनेछ
- महिला स्वास्थ्य सेविकालाई मासिक भत्ताको व्यवस्था गरिनेछ ।

३. गाँउपालिका क्षेत्रभित्र स्वस्थ र स्वच्छ खानेपानीको पहुँचको लागि थप व्यवस्था गरिनेछ ।

४. धर्म र संस्कृतिले हामी सबै जात जाति तथा भाषाभाषीलाई सिलाएर राखेको छ । यिनीहरुको संरक्षण , सम्बर्द्धन तथा प्रर्वद्धन आजको आवश्यकता समेत बनेको छ । त्यसैले

यस क्षेत्रभित्र रहेका पुरातात्विक महत्वका मठमन्दिर तथा गुम्बाहरुको संरक्षण गर्नुका साथै आवश्यकतानुसार नवनिर्माण समेत गरिनेछ । साथै विभिन्न जातजातिको मौलिक रहनसहनको प्रर्वद्धन लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

५. आजको विकास प्रक्रियामा सामाजिक न्याय तथा समानता हुनु जरुरी हुन्छ । विकासका क्रियाकलापहरुले सबै वर्ग , क्षेत्र , सम्प्रदायलाई समेट्न सकेमा मात्र त्यो विकास दिगो र प्रभावकारी हुने गर्दछ । यसै पक्षलाई मध्यनजर गरी यस गाउँपालिका भित्र रहेका महिला , दलित , ज्येष्ठ नागरिक , अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सम्मान तथा सशक्तिकरण गरिने नीति अख्तियार गरिनेछ र विकासका प्रतिफल हासिल गरिने सवालमा प्राथमिकतामा राखिनेछ ।

६. गश्रेणीका अपाङ्गता भएका व्यक्तिहरुको सूची तयार गरी भत्ताको व्यवस्था मिलाइनेछ ।

# पूर्वाधार विकास

पूर्वाधार विकासको अवस्थाले गाँउपालिकाको समग्र विकासको अवस्था चित्रण गर्दछ । यसर्थ विकासका पूर्वाधार हरुको विकास प्राथमिकतामा हुनु जरुरी हुन्छ । यसर्थ आगामी आ.व. मा यसका लागि देहायका कार्यक्रमहरु सञ्चालन हुनेछन् ।

१.चालु आव भित्र गाउँपालिकाको केन्द्र ऐसेलुखर्क सम्म जोडिन नसकेका सडक खण्डलाई यथाशीघ्र जोडिनेछसाथै सबै मूल सडकहरुलाई स्तरोन्नति गरि बाह्रै महिना निर्वाध रुपमा सवारी आवातजावात गर्न सकिने स्तरको निर्माण गरिनेछ । रावा माक्पा ऐसेलुखर्क सडकखण्ड तथा ऐसेलुखर्क देउराली लगायतका आर्थिक, व्यापारिक एवं पर्यटकीय महत्व बोकेका र अन्तरजिल्ला एवं अन्तरपालिका जोड्ने सडकलाई प्राथमिकता दिइ काम अघि बढाइनेछ । यसैगरि गोरेटो बाटो को नियमित प्रयोगको अवस्था सुनिश्चित गरिनेछ ।

२. स्थानीय झोलुङ्गेपुल, काठेपुलहरु को नियमित मर्मतसम्भार गरिनेछ र आवश्कतानुसार विस्तार समेत गरिनेछ ।

३. गाँउपालिकाको कार्यालयका लागि जग्गाको निर्क्यौल भएपश्चात आगामी आ.व.भित्र कार्यालय भवनको लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ , साथै अन्य सरकारी संस्थाहरुको भौतिक अवस्थाको मूल्याङ्कन गरी आवश्यक व्यवस्था गरिनेछ । यसैगरी गाँउपालिका क्षेत्रभित्र

निर्माण हुने भौतिक संरचना वैज्ञानिक, भूकम्प प्रतिरोधी एवं मापदण्ड अनुकूल हुनका लागि कडाइ गरिनेछ ।

४.विद्युत क्षेत्रको विकासले चौतर्फी विकासमा प्रत्यक्ष सरोकार राख्दछ । आगामी आवभित्र गाँउपालिकाको केन्द्रलाई केन्द्रीय विद्युतलाइनमा जोडिनेछ । साथै क्रमश अन्य वडाकार्यालयसम्म जोड्दै लगिने छ

५. सूचना तथा संचार प्रविधिको विकासले समग्र विकासको स्तर निर्धारण गर्दछ । विकासको गतिलाई प्रवर्द्धन गर्न यसको अहम् भूमिका रहन्छ । यसको विकास विद्यालय स्तरबाटै सुरुवात गर्दा प्रभावकारी हुने देखिएकाले चालु आव भित्र यस गाउँपालिकाभित्रका सबै माध्यमिक विद्यालयहरुलाई इन्टरनेट सञ्जालभित्र जोड्ने काम गरिनेछ । साथै सूचना तथा सचांर प्रविधिको प्रयोगलाई सेवा प्रवाहसँग आबद्ध समेत गरिनेछ । यसैगरी मोबाइल फोनका सुविधाबाट बन्चित गाँउपालिकाका क्षेत्रमा टावर निर्माण गरि सेवा विस्तारका लागि सम्बन्धित निकायसँग यथाशीघ्र पहल गरिनेछ ।

# वातावरण तथा विपद व्यवस्थापन

१.ऐसेलुखर्क गाँउपालिकावासीको स्वच्छ वातावरणमा बाच्न पाँउने हकको सम्मानका लागि वातावरण संरक्षण तथा सरसफाइका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. विपद् पूर्व तयारी, विपद्को समय तथा विपद पश्चात गरिनुपर्ने क्रियाकलापहरुलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था गरिनेछ । प्राकृतिक एव अन्य मानवीय कारणबाट जोखिममा परेका वर्ग , क्षेत्र एवं समुदायको आकस्मिक व्यवस्थापन एवं उद्धारका लागि विपद व्यवस्थापन कोष बाट नियमानुसार सहायता उपलब्ध गराइनेछ ।

३. नवनिर्मित सडकखण्ड एवं अन्य कारणबाट सम्भावित पहिरो तथा भुक्षय नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४. फोहोरमैला तथा ढल व्यवस्थापनका लागि आम नागरिक, बजार बासी एवं सर्वपक्षीय साझेदारीमा गाँउपालिकाको केन्द्र ऐसेलुखर्कलाई फोहोरमैलामुक्त बनाइनेछ । सरसफाई युक्त वडा कायम राख्न आवश्यक कार्यक्रमहरु गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ क्षेत्रको खोजी गरिनेछ ।

५. जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

# संस्थागत विकास , सेवा प्रवाह र सुशासन

१.सार्वजनिक प्रशासन सेवा प्रवाह र सुशासनलाई चुस्त दुरुस्त बनाउन समयसापेक्ष प्रविधिमैत्री बनाउदै सेवा प्रवाहलाई जनअपेक्षा अनुरुप छिटो, छिरतो, सुलभ, सरल उच्च गुणस्तरिय साथै प्रभावकारी ढंगले संचालन गरिनेछ ।

२.सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित बनाउदैँ जनताको घरघरमै उपलब्ध गराउने व्यवस्था निरन्तरता दिइनेछ ।

३. गाँउपालिका क्षेत्रभित्र शान्तिसुरक्षा को स्थिति लाई गम्भीर रुपमा लिदैँ नागरिक सुरक्षा र शान्ति कायम गर्न कुनै कसर बाकी राखिने छैन । साथै सुरक्षा संयन्त्र  सँग समन्वय गरी सरकारी कार्यालय  बजार आसपासमा सिसिटिभी मार्फत निगरानी गरिनेछ ।

४. जनताको घरदैलोमा सेवा पुर्‍याउन समयसमयमा एकीकृत घुम्ती शिविर संचालन गरिनेछ ।

५. नागरिकको सुचनाको हकलाई सम्मान गर्न साथै छिटो सेवाप्रवाह सुनिश्चित गर्न अभिलेख व्यवस्थापनलाई विशेष जोड दिइनेछ ।

६. सेवाप्रवाहमा सुशासन कायम गर्न, भ्रष्टाचार र अनियमितता विरुद्ध शुन्य सहनशीलता अबलम्बन गर्दै कर्मचारीको मनोबल बढाउन आवश्यक व्यवस्था गरिनेछ । कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमका व्यवस्था एवं अन्य कार्यक्रमहरु संचालन गरिनेछ । साथै कार्यबोझका आधार साथै कर्मचारीको कार्यसम्पादन क्षमतानुसार गाँउकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु तथा वडासचिवहरुलाई अधिकतम ५० प्रतिशत सम्म प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

७. समग्र योजना तथा कार्यक्रममा सुशासन कायम गर्दै योजना लाई जनताको प्रत्यक्ष लाभ र सहभागिता सुनिश्चित गर्न थप अनुसन्धान र अध्ययन अवलोकन गर्नुपर्ने हुन्छ । यसका लागि समृद्धि एवं विकासमा नाम कमाएका नेपालका अन्य स्थानीय तहहरुको भ्रमण गरि आवश्यक पृष्ठपोषण लिइनेछ ।

८. उपभोक्ताको हकहितलाई  संरक्षण गर्न बजार अनुगमन कार्यलाई नियमित गरिनेछ । साथै करको दायरामा नआएका व्यवसायीहरुलाई समेत करको दायरामा ल्याइनेछ ।

## विविध

१. सहभागितामूलक योजना र विकासले मात्र दिगोविकासको आधार तयार गर्दछ । आजको विकास प्रक्रिया कुनै एक पक्ष वा संयन्त्रले मात्र सम्भव नहुने हुँदा यस गाउँपालिकाको विकासमा विकासका सबै साझेदारहरुलाई स्वागत गरि विकासलाई साझेदारीमा अगाडि बढाइने नीति अख्तियार गरिने छ ।

२. आगामी आव को सुरुवातमा नै आगामी वर्ष संचालन गरिने योजनाकार्यान्वयनका सम्बन्धमा प्रत्येक वडामा उपभोक्ता समिति एवं सबैको सहभागितामा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । उत्कृष्ट काम गर्ने उपभोक्ता समिति लाई सम्मानको व्यवस्था गरिनेछ ।निर्धारित समयभित्र काम सम्पन्न नगर्ने उपभोक्ता समिति वा निर्माण कम्पनी वा अन्य संस्थालाई कारवाही गरिनेछ ।

३.आन्तरिक आय प्रर्वदनका लागि निर्मित कानुन र कार्यविधिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४. गाँउपालिकाको समग्र विकासका लागि सहायता जुटाउन संघीय र प्रदेश सरकार , दातृ निकाय, कुटनीतिक नियोग, समाजसेवी,साझेदार संस्था सबैसँग निरन्तर सहकार्य गरिनेछ ।

५. विकास योजना लाई सहभागितामूलक बनाउन र लागत कम गरी उच्चतम विकास हासिल गर्न समपूरक कोषमार्फत विभिन्न योजनाहरु संचालनमा ल्याइनेछ ।

६. भेनियर उद्योगको सम्भावना अध्ययन गरिनेछ ।

७. व्यवस्थित योजना संचालन तथा दिगो विकासका लाग गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

अन्तमा,

आर्थिक वर्षको अन्त्यमा मात्र आएर विकासलाई तीव्रता दिने विगतको परिपाटिको चालु आर्थिक वर्षबाट न्यूनीकरण हुँदै गएको छ । समयमा नै जनताले विकासको अनुभूति प्राप्त गर्नुपर्नेमा हामी प्रतिबद्ध र त्यसका लागि हामी कठोर रहनुपर्ने हुन्छ । यसर्थ आगामी आ.व.को चैत्र मसान्तभित्र सम्पूर्ण योजना तथा कार्यक्रमहरु सम्पन्न गर्ने  नीति यस गाउँपालिकाले  अख्तियार गरेको हुनाले सबै गाउँपालिकाबासी महानुभावहरुलाई यस कार्यमा सहगोग गरिदिनु हुन एवं विकास निर्माण प्रकियामा सकरात्मक तथा रचनात्मक सल्लाह सुझावको अपेक्षा सहित विदा चाहन्छु , धन्यवाद ।

**विश्वनाथ निरौला**
**अध्यक्ष**